











# CTEVT

## NEWS BULLETIN

२०७९ वर्षः २० अङ्कः १

### यस अङ्कका आकर्षण


- सम्पादकीय
- समाचार तथा गतिविधि
- प्रदेश गतिविधि
- सफलताको कथा
- शिक्षालय परिचय



**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

सानोठिमी, भक्तपुर फोन नं. ०१-६६३०४६९/६६३६१७२, www.ctevt.org.np





**सल्लाहकार**

श्री खगेन्द्र प्रसाद अधिकारी

श्री जीव नारायण काफ्ले

**सम्पादक मण्डल**

श्री विनोद बडाल

श्री अनील मुनी बज्राचार्य

श्री चन्द्र प्रसाद भट्टराई

**कम्प्यूटर डिजाईन**

ई. संगम गौतम

**समन्वय तथा योगदान**

श्री पूर्णभक्त डंगोल

श्री देवदत्त बडु

**प्रकाशक**

सूचना तथा अनुसन्धान महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर

पो.व.नं. ३५४६

फोन नं. ०१-५६३९४५९/६६३६१७२

फ्याक्स नं. ०१-६६३०६७९

इमेल : research@ctevt .org .np

website: www .ctevt .org .np

प्रकाशन मितिः २०७९ असार


# सम्पादकीय

आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको व्यवस्थापन तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदायक निकायहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने मुख्य उद्देश्यका साथ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम स्वायत्त संस्थाको रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो । परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम कार्यक्रमहरुको विकास, विस्तार समतामुलक पहुँच, गुणस्तरको प्रत्याभूति, पाठ्यक्रमको निर्माण तथा परिमार्जन, स्तर निर्धारण एवं प्रमाणीकरण, प्रशिक्षकहरुको क्षमता अभिवृद्धि, अध्ययन तथा अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन गर्नुका साथै सरोकारवाला निकायहरु विच समन्वय तथा सहकार्य गर्दै आएको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम विना देश विकास असंभव हुने भएकोले नेपालको संविधानको भाग ३ को धारा ५१ (ज) ले नागरिकका आधारभूत आवश्यकता सम्बन्धमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमुलक र रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीतिगत व्यवस्था गरेको छ । उक्त व्यवस्थालाई कार्यान्वयन गर्न परिषद्ले विद्यमान जनशक्ति, भौतिक संरचना तथा साधन स्रोतको अधिकतम परिचालन मार्फत गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदान गर्दै आएको छ ।

विगत तीन दशक भन्दा बढी समयदेखि परिषद्ले विभिन्न लामो तथा छोटो अवधिका प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमका कार्यक्रमहरु सञ्चालन गरी उल्लेख्य संख्यामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारका लागि आवश्यक दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्दै आइरहेको छ । परिषद्बाट उत्पादित जनशक्तिले स्वदेश तथा विदेशमा रहेर प्राविधिक ज्ञान र सीप प्रदर्शन गरी जिविकोपार्जन गर्दै आइरहेका छन् । यसका साथै भौगोलिक विकटता, प्राकृतिक प्रकोप तथा २०७२ को भुकम्प पछिको पुर्ननिर्माण र कोरोनाको महामारीमा समेत कृषि, स्वास्थ्य, पर्यटन तथा इन्जिनियरिङ्ग क्षेत्रमा उत्कृष्ट सेवा पुऱ्याउँदै आएको कुरा सर्वविदितै छ । परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरु मार्फत युवा तथा लक्षित समुदायको क्षमता विकास तथा उद्यमशीलता अभिवृद्धि गरी सिक-कमाउ-तिर (Learn, Earn & Pay) को अवधारणा अनुसार आफ्ना गतिविधिहरु सञ्चालन गर्दै आइरहेको छ ।

नेपाल सरकारको साझा राष्ट्रिय आकांक्षा अनुरुप "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोचलाई मूर्तरुप दिन प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिममा सबै नागरिकहरुको समतामुलक र समावेशी पहुँच पुऱ्याई श्रम बजारको माग अनुसारको गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधि मैत्री दक्ष जनशक्तिको उत्पादन गरी दिगो विकासका लक्ष्यहरु पुरा गर्न परिषद् प्रतिवद्ध रहेको छ । प्राविधिक शिक्षालाई गरी खाने शिक्षाको रुपमा विकास गरी बदलिदो परिवेश सुहाउँदो गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदान गर्न परिषद्ले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको परिप्रेक्ष्यमा प्रस्तावित ऐनमा थप अधिकार सम्पन्न एक स्वायत्त निकायको रुपमा परिषद्लाई स्थापित गर्दै जानु आजको प्रमुख आवश्यकता रहेको छ ।

# परिषद् र निजी क्षेत्रबीच सम्झौता



प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् र निजी क्षेत्रका प्रमुख उद्योग, व्यावसायी तथा रोजगारदाता संघ, सस्थाहरुको छाता संगठनहरु बीच २०७९ बैशाख ९ गते होटल सोल्टीमा एक समझदारी पत्रमा हस्ताक्षर भयो । निजी क्षेत्रका प्रमुख उद्योग, व्यावसायी संघ, संस्था र रोजगारदाताहरुको पाँच वटा छाता संगठन र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् विच श्रम बजार सूचना प्रणाली, पेशागत मापदण्ड तथा पाठ्यक्रम निर्माण, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालन र कार्यान्वयनका लागि तालिम प्रदायक र निजी क्षेत्रसँग नियमित सम्पर्क, सहभागिता, समन्वय र सहकार्य गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको सन्दर्भिकता र गुणस्तर सुनिश्चितता गर्ने उद्देश्यले सम्झौता गरिएको हो । सम्झौता पत्रमा दुबै क्षेत्रका आवश्यकता पहिचान गर्ने, एक अर्कामा विश्वास एवं साझेदारीको सिद्धान्त पालना गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा निजी क्षेत्रको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरिएको छ । उक्त सम्झौतामा निजी क्षेत्र र परिषद्का भूमिका, कार्य र जिम्मेवारी समेत तोकिएको छ । रोजगारदाताको श्रमबजार सूचना प्रणाली सचिवालयका अध्यक्ष एवं नेपाल साना तथा घरेलु उद्योग महासंघका अध्यक्ष उमेश प्रसाद सिंहको अध्यक्षता र परिषद्का उपाध्यक्ष खगेन्द्र प्रसाद अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा निजी क्षेत्रका प्रमुख उद्योगी, व्यावसायीहरुको ५ वटा छाता संगठनहरु नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI), नेपाल उद्योग परिसंघ (CNI), नेपाल साना तथा घरेलु उद्योग महासंघ (FNCSI), नेपाल निर्माण व्यावसायी महासंघ (FCAN) र होटल संघ नेपाल (HAN) सहिका अध्यक्ष एवं पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

सो अवसरमा दक्षता परियोजनाको सहयोगमा ५ वटै संघ महासंघका अध्यक्ष एवं प्रतिनिधिहरु रहेको श्रम बजार सूचना सम्बन्धी इलम परियोजनाको तर्फबाट निजी क्षेत्रको आवश्यकता तथा नेतृत्वमा कृषि, निर्माण र पर्यटन क्षेत्रका १०/१० वटा गरी जम्मा ३० वटा पेशागत मापदण्ड परिषद्लाई हस्तान्तरण गरिएको थियो । निजी क्षेत्रको सक्रियतामा विभिन्न पेशाहरुको पेशागत मापदण्ड सफलतापूर्वक निर्माण गरेकोमा परिषद्का उपाध्यक्ष खगेन्द्र प्रसाद अधिकारीले धन्यवाद व्यक्त गर्दै यस्ता कार्यले प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको विकास र विस्तारमा टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो । उहाँले यस कार्यलाई परिषद् र निजी क्षेत्रको प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम विकासको पहिलो यात्राको रुपमा लिएको र भविष्यमा यसरी नै सहकार्य हुनेमा आफु विश्वस्त रहेको बताउनु भयो । परिषद्ले उत्पादन

गरेका प्राविधिक जनशक्ति उद्योगका सम्पत्ति हो भन्ने बुझाई विकास गर्न सकियो भने नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिममा सोचेको जस्तो विकास गर्न सकिन्छ, यसका लागि निजी क्षेत्रका उद्योगी, व्यावसायी र रोजगारदाताहरुको सक्रिय सहभागिता र सकरात्मक सहयोगको अपेक्षा परिषद्ले गरेको उहाँले बताउनु भयो ।

कार्यक्रममा परिषद्का सदस्य सचिव जीवनारायण काफ्लेले परिषद् र निजी क्षेत्रको संयुक्त प्रयासमा पेशागत मापदण्ड निर्माण गरेकोमा खुसी व्यक्त गर्नु भयो । उहाँले आगामी दिनमा यस सम्झौता पत्रलाई हस्ताक्षरमा मात्र सिमित नराखी कार्यान्वयन तहमा लैजान अनुरोध गर्नुभयो र यसका लागि परिषद् सदैव तयार रहेको बताउनु भयो । उहाँले सार्वजनिक, निजी, साझेदारी (PPP) को नमूना प्रस्तुत गर्न यो सम्झौता एउटा कोषेढुंगा सावित हुनेछ र यस्ता कार्यका लागि परिषद्को निरन्तर सहयोग रहने कुरा व्यक्त गर्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले कार्यक्रममा उपस्थित सबैलाई स्वागत गर्दै रोजगारदाताहरुकै अगुवाईमा पेशागत मापदण्डलाई सफलतापूर्वक निर्माण गर्न सहयोग गरेकोमा निजी क्षेत्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, युरोपियन युनियन, दक्षता परियोजना र ब्रिटिस काउन्सिललाई धन्यवाद दिनुभयो । उहाँले निजी क्षेत्रको संलग्नतामा पेशागत मापदण्डहरू निर्माण गरिएको छ तर यसको कार्यान्वयन मुख्य चुनौती हो । यसलाई प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको पाठ्यक्रममा समाहित गरेर सो अनुसारका जनशक्ति तयार गर्नुपर्ने तर्फ प्रष्ट पार्नुभयो । महासंघका अध्यक्ष गोल्छाले परिषद् र निजी क्षेत्रको सहकार्यले निजी क्षेत्रको वास्तविक माग पुरा हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा होटल एसोसियसनका अध्यक्ष सृजना राणा, नेपाल निर्माण व्यावसायी महासंघका उपाध्यक्ष आङ दोर्जे लामा, नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णु कुमार अग्रवाल, नेपाल साना तथा घरेलु उद्योग महासंघका अध्यक्ष एवं कार्यक्रमका सभाध्यक्ष उमेश प्रसाद सिंहले निर्माण भएका पेशागत मापदण्डहरुको आधारमा उद्योग तथा रोजगारदाताहरुको माग अनुसार जनशक्ति निर्माण हुने कुरामा जोड दिनुभयो ।

ब्रिटिस काउन्सिलका कन्ट्रि डाइरेक्टर शाहिदा म्याकडोगलले निजी क्षेत्र र परिषद् बिच सम्झौता भएकोमा खुसी व्यक्त गर्नुभयो । यूरोपियन युनियनका कोअप्रेशन प्रमुख डा. मारको गिमरले निजी क्षेत्रले परिषद्लाई पेशागत मापदण्ड हस्तान्तरण गर्ने कार्य महत्वपूर्ण कोसेढुंगा भएकोले परिषद्ले यसलाई स्वामित्व लिई निजी क्षेत्र संग सहकार्य गर्नु पर्नेमा जोड दिनुभयो ।

## सम्झौता पत्रमा उल्लेखित बुँदाहरु

### परिषद्को भूमिका तथा जिम्मेवारी

- निजी क्षेत्रसँग समन्वयका लागि सम्पर्क व्यक्ति तोक्ने,
- श्रम बजार सूचना प्रणाली स्थापना गर्न सहयोग गर्ने,
- उद्योग व्यावसायलाई माग बमोजिम आवश्यक जनशक्ति तयार गर्ने,
- पेशागत सीप मापदण्ड तथा पाठ्यक्रम निर्माणमा निजीक्षेत्रका प्रतिनिधित्व गराउने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम सम्बन्धी विभिन्न कार्यक्रम तथा गतिविधिमा निजी क्षेत्रसँग सहकार्य गर्ने,
- निजी क्षेत्रमा कार्यरत श्रमिक लक्षित पेशागत सीप अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम सम्बन्धी नीति, नियम तथा ऐन, कानूनमा निजी क्षेत्रको भूमिका र साझेदारी सम्बन्धी व्यवस्था राख्न पहल गर्ने ।

### निजी क्षेत्रको भूमिका र जिम्मेवारी

- परिषद्सँग नियमित समन्वयका लागि सम्पर्क व्यक्ति तोक्ने,
- परिषदबाट हुने अध्ययन अनुसन्धान कार्यमा सहयोग गर्ने,
- श्रम बजारको लागि आवश्यक जनशक्तिको माग र प्रक्षेपण सम्बन्धी तथ्याङ्क तथा सूचना उपलब्ध गराउने,
- पेशागत सीप समिति, प्राविधिक उपसमिति लगायत विभिन्न समितिहरुमा निजी क्षेत्रबाट प्रतिनिधित्व गर्ने,
- परिषद्को माग भए बमोजिमको सम्बन्धित पेशाका प्राविधिक विज्ञ उपलब्ध गराउने,
- कार्यगत तालिम, औद्योगिक प्रशिक्षार्थी (एप्रेन्टेसिप) तालिमका लागि सहजिकरण गर्ने,
- सीप परीक्षण कार्यमा सहयोग गर्ने तथा परीक्षण केन्द्र उपलब्ध गराउने,
- प्राविधिक प्रशिक्षकहरुलाई उद्योगमा अवलोकन भ्रमण तथा पेशागत सीप अभिबृद्धि सम्बन्धी कार्यमा सहजिकरण गर्ने,
- परिषद्बाट उत्पादित प्राविधिक जनशक्तिलाई प्राथमिकताका साथ रोजगारीका अवसर प्रदान गर्ने,
- सीप केन्द्र र विजनेश इन्कुवेसन सेन्टर निर्माण र सञ्चालन गर्न सहयोग गर्ने ।

# प्राविधिक प्रशिक्षकको प्रशिक्षण अनुमति सम्बन्धी कार्यशाला सम्पन्न

प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा कार्यरत प्रशिक्षकहरूको प्रशिक्षण अनुमति पत्र सम्बन्धी सुझाब पेश गर्न प्रा. डा. राजेन्द्र प्रसाद अधिकारीको संयोजकत्वमा गठित कार्यटोलीले प्राविधिक प्रशिक्षकको दक्षता मापदण्ड निर्धारण र प्रमाणीकरण सम्बन्धी एक दिवसिय अन्तर्क्रिया कार्यक्रम मिति २०७९ बैशाख २१ गते हात्तीसार स्थित नेपाल हाउसमा सम्पन्न भयो।

परिषद्का उपाध्यक्ष खगेन्द्र प्रसाद अधिकारीको अध्यक्षतामा आयोजित कार्यक्रममा परिषद्का सदस्य सचिव जीवनारायण काफ्लेले सहभागी सम्पूर्ण बिज्ञहरूलाई कार्यक्रमको उद्देश्य सहित स्वागत गर्नु भयो। उहाँले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको गुणस्तर सुनिश्चितताको लागि पाठ्यक्रम, प्रशिक्षक, प्रशिक्षण विधि, भौतिक पूर्वाधार र परीक्षा प्रणाली महत्वपूर्ण रहेको र परिषद्ले यी सबै कुराहरूमा ध्यान दिईरहेको बताउनु भयो। परिषद्बाट गठित कार्यटोलीले प्रशिक्षकको दक्षता परीक्षण तथा प्रमाणीकरण सम्बन्धी बिस्तृत अध्ययन गरी प्रतिबेदन पेश गर्ने र सो प्रतिवेदनको आधारमा परिषद्ले प्रशिक्षक अनुमति पत्र सम्बन्धी आवश्यक व्यवस्था गर्ने बताउनु भयो।

कार्यक्रममा कार्यटोलीका सदस्य डा. रामहरि लामिछानेले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रशिक्षक दक्षता प्रमाणीकरणको आवश्यकता, मापदण्डका आधारहरू, परिक्षण व्यवस्थापन, बिधि र प्रक्रिया तथा कार्यान्वयन मोडेल सम्बन्धी प्रस्तुति गर्नु भयो।

कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्मा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्राविधिक महाशाखा प्रमुख एवं सहसचिव, डा. कमल प्रसाद पोखेल, शिक्षक सेवा आयोगका पूर्व अध्यक्ष ताना शर्मा निजी क्षेत्रका उद्योगी, व्यवसायी तथा रोजगारदाताहरू, परिषद्का निर्देशक एवं कर्मचारीहरु लगायत प्राविधिक तथा व्यावासायिक शिक्षा र तालीमको क्षेत्रमा लामो अनुभव हासिल गर्नुभएका ३५ जना विज्ञहरूको सहभागिता रहेको थियो।

सो अवसरमा कार्यटोलीका संयोजक प्रा. डा. राजेन्द्र प्रसाद अधिकारीले सहभागिहरूलाई आभार प्रकट गर्नुहुँदै कार्यक्रममा प्राप्त सुझाबहरूको संक्षेपीकरण प्रस्तुत गर्नु भएको थियो। कार्यक्रमको अन्त्यमा कार्यक्रमका अध्यक्ष एवं परिषद्का उपाध्यक्ष खगेन्द्र अधिकारीले उपस्थित सम्पूर्ण सहभागिहरूलाई धन्यबाद ज्ञापन गर्दै कार्यक्रम समापन गर्नु भएको थियो। उक्त कार्यक्रमको संयोजन तथा सहजीकरण परिषद्का उप निर्देशक एवं सूचना अधिकारी अनिलमुनी बज्राचार्यले गर्नु भएको थियो।

# शिक्षालयको उत्पादन बजारमा

रामेछाप जिल्लाको सदरमुकाम मन्थली स्थित रामेछाप बहुप्राबिधिक शिक्षालयले ३ वर्षे डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) का विद्यार्थीहरुले प्रयोगात्मक अभ्यासको सिलसिलामा तयार गरेका विभिन्न कृषि उत्पादनहरु जस्तै ताजा तरकारी, फलफुलका बेर्नाहरु तथा करेला, आलु चिप्स जस्ता प्रशोधित बस्तुहरुको बजार सम्म पहुंच पुर्‍याई विक्रि वितरण गर्न आफ्नो छुट्टै बिक्री केन्द्र सुरु गरेको छ। हप्ताको दुई दिन आईतबार र बुधबार बिहान ६ देखि ८ बजे सम्म दुई घण्टा सञ्चालन हुने बिक्री कक्ष मन्थलीमा अवस्थित कोशेली घरले उपलब्ध गराएको हो। शिक्षालयमा रहेको उत्पादन ईकाई मार्फत सञ्चालन हुने बिक्रि केन्द्रमा डिप्लोमा इन एग्रीकल्चर बाली विज्ञान तर्फका प्रशिक्षार्थीद्वारा उत्पादित बस्तुहरु प्रशिक्षार्थी आफैले बिक्रीकक्षमा गई विक्रि गर्ने गरेको छन्। शिक्षालयमा उत्पादित कृषिजन्य वस्तुहरुको विक्रि मार्फत बजारीकरणका विभिन्न पक्षहरुका बारेमा प्रत्यक्ष जानकारी लिई सिक्ने अवसर प्रशिक्षार्थीहरुले प्राप्त गरेका छन् भने उक्त कृषि उत्पादन बिक्रीबाट जम्मा भएको रकमको आधा रकम प्रशिक्षार्थीहरुले पाउने र आधा रकम शिक्षालयको कोषमा जम्मा हुने व्यवस्था छ। प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम मार्फत उद्यमशीलता विकास गर्ने उद्देश्यले सिक, कमाउ र तिरको अवधारणा अन्तर्गत सञ्चालित यस प्रकारका नवीनतम कार्यले शिक्षण सिकाईलाई ज्ञान, सीप, उत्पादन र बजारीकरणसम्म ब्यावहारिक रुपमा प्रयोग गर्न सहयोग गर्ने विश्वास लिइएको छ।

# पदपूर्ति प्रक्रिया प्रारम्भ

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को विभिन्न कारणले रोकिएको स्थायी कर्मचारी भर्ना तथा पदपूर्ति प्रक्रिया २०७८ साल जेठ महिनाबाट सुचारु भएको छ। परिषद् कार्यालय तथा परिषद् अन्तर्गतका प्रतिष्ठान, समिति, कार्यालय र शिक्षालयहरुमा रिक्त रहेका विभिन्न पदमा २२५ जना मध्ये ५२ जना जेष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा बढुवा, २४ जना कार्यक्षमताको मूल्यांकनद्वारा बढुवा र १४९ जना आन्तरिक तथा खुला प्रतियोगितात्मक लिखित परीक्षाको माध्यमबाट स्थायी पदपूर्ति गर्नको लागि मिति २०७६।१०।२४ गते पदपूर्तिको सूचना प्रकाशन भएको थियो।

त्यसैगरी आगामी आ.व २०७९।८० का लागि परिषद् अन्तर्गतका शिक्षालय एवं कार्यालयहरुमा आवश्यक प्रशिक्षक तथा कर्मचारीलाई सेवा करारमा लिनको लागि मिति २०७९।०३।०८ गते विज्ञापन प्रकाशन गरी पदपूर्ति प्रक्रिया शुरु गरिएको छ।

# प्रदेश कार्यालयबाट सम्पादन भएका प्रमुख कार्यहरु

## गण्डकी प्रदेश

### म्यादी प्रहरीलाई प्राविधिक शिक्षा

प्राबिधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् गण्डकी प्रदेश कार्यालयले पोखरामा म्यादी प्रहरीलाई सीपमूलक तालिम र रोजगारी/स्वरोजगारीका अवसर सम्बन्धी एक दिवसिय अन्तरक्रिया कार्यक्रम मिति २०७९।०२।०८ गते सम्पन्न भयो। उक्त कार्यक्रममा म्यादी प्रहरीलाई सीपमूलक तालिम र रोजगारी/स्वरोजगारीका अवसर दिलाउनु पर्नेमा जोड़ दिईएको थियो।

जिल्ला प्रशासन कार्यालय कास्कीको समन्वय, जिल्ला प्रहरी कार्यालय कास्कीको आयोजना र जिल्ला स्थित सुरक्षा निकायका प्रमुख, उद्योगी व्यावसायी र रोजगारदाताहरु समेतको उपस्थितिमा करिव १ हजार ४ सय जना म्यादी प्रहरीको विदाई कार्यक्रममा सो अन्तर्क्रिया आयोजना गरिएको थियो।

कार्यक्रममा तालिमको आवश्यकता पहिचानको लागि परिषद् गण्डकी प्रदेशले सहभागी म्यादी प्रहरीलाई प्रश्नावली भर्न समेत दिएको थियो। प्रश्नावलीहरूबाट प्राप्त तथ्यांकहरूका आधारमा आवश्यकता पहिचान गरी आगामी दिनहरुमा सीपमूलक तालिम सञ्चालन गर्ने योजना तय गरिएको सिटिईभिटी गण्डकी प्रदेश पोखराका निर्देशक प्रमोदभक्त आचार्यले बताउनु भयो। सो अवसरमा कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले युवा जनशक्तिमा उद्यमशिलताको विकास गराई सीपमूलक तालिम मार्फत रोजगारी/स्वरोजगारीमा जोड्ने कार्यमा सहयोग गर्नु हामी सवैको दायित्व रहेको कुरा बताउनु भयो। प्रजिअ आचार्यले देशमा बढ्दै गरेको बेरोजगारी दर तथा सिमित रोजगारीको अवसरका कारण अधिकांश युवा श्रम शक्ति विदेशीन बाध्य हुने गरेको औल्याउनु भयो।





ट्रेकिङ एजेन्सी एसोसियसन अफ नेपाल (TAAN) पोखराका सल्लाहकार एवम पूर्व अध्यक्ष टिकाराम सापकोटाले श्रम बजारको माग अनुरूपको दक्ष तथा सीपयुक्त जनशक्तिको विकास गर्नु आजको मुख्य आवश्यकता रहेको बताउँदै उत्पादनमूलक रोजगारी सृजना गरी मुलुकमा उपलब्ध युवा श्रम शक्तिको अधिकतम उपयोग गर्नु पर्नेमा जोड़ दिनुभयो। उहाँले कृषि क्षेत्रमा विद्यमान रहेका अनुत्पादक र अधिक श्रम शक्तिलाई उद्योग, व्यापार, पर्यटन, निर्माण जस्ता सेवा क्षेत्रहरूमा स्थानान्तरण गर्न सके अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा समेत सहयोग पुग्ने बताउनु भयो।

राष्ट्रिय अनुसन्धान विभाग, कास्कीका उप-अनुसन्धान निर्देशक मनोज ढकालले देशको कुल जनसंख्याको ठूलो हिस्सा ओगटेको युवावर्गको समुचित विकास, परिचालन र सहभगितामा नै मुलुकको आर्थिक सामाजिक समुन्नतिमा निर्भर रहने बताउनु भयो।

नेपाली सेना, भगवती दल गण, फुलवारी व्यारेकका गणपति प्रमुख सेनानी दिवाकर कार्कीले स्थानीय तह निर्वाचन, २०७९ सम्पन्न गर्न आवश्यक शान्ति सुरक्षा व्यवस्थापनका लागि भर्ना गरिएका म्यादी प्रहरीलाई सीप सिकाएर उत्पादनका क्षेत्रमा लगाउन सके राज्यले धेरै प्रतिफल पाउने कुरा बताउनु भयो।

सो अवसरमा जिल्ला प्रहरी कार्यालय कास्कीको तर्फबाट म्यादी प्रहरीहरुलाई प्रसंशा पत्र समेत वितरण गरिएको थियो। म्यादी प्रहरीको तर्फबाट आ-आफ्ना भनाई राख्दै म्यादी प्रहरीमा भर्ना भै केहि सिक्ने अवसर प्राप्त भएकोमा खुशी व्यक्त गर्दै आगामी दिनहरुमा राज्यले दिएको जुनकुनै भूमिका निभाउन आफूहरु सक्षम हुने आत्माविश्वास बढेको कुरा बताएका थिए।

नेपाल सरकारले आ.व. २०७९/८० को बजेट बक्तव्यमा समेत म्यादी प्रहरीमा काम गरेका युवाहरुलाई लक्षित गरी उद्यमशिलता र स्वरोजगार केन्द्रित कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिईएको छ।

## लागत साझेदारीमा तालिम

युवा जनशक्तिलाई सीपमूलक तालिम मार्फत उत्पादन तथा रोजगारीका क्षेत्रमा जोड्ने उद्देश्यले गण्डकी प्रदेश भित्र रहेका विभिन्न स्थानीय तह, उद्योग वाणिज्य संघ, गैह्र सरकारी संस्था, विभिन्न पेशागत संघ/संगठनहरुसँग द्धिपक्षीय सम्झौता गरी लागत साझेदारीमा तालिम कार्यक्रमहरु सञ्चालन भैरहेको छ । छोटो अवधिको सीपमूलक तालिम सञ्चालन कार्यविधि, २०७८ मा व्यवस्था भए अनुसार परिषद्का आङ्गिक, साझेदारी र सामुदायिक शिक्षालयहरु मार्फत तालिमहरु सञ्चालन हुँदै आएको छ। परिषद्को स्वीकृत पाठ्यक्रम अनुसारका ३९० घण्टा (६५ कार्यदिन) का तालिमहरूमा बुटिक डिजाईन, जुनियर अटो मेकानिक्स, असिस्टेन्ट प्लम्विङ्ग, हलुका सवारी चालक, वेमौसमी तरकारी खेती, पशु स्वास्थ्य कार्यकर्ता, असिस्टेन्ट टेलरिङ्ग, मोटर साईकल रिपेरिङ्ग लगायतका तालिमहरु रहेका छन् । त्यस्तै जीविकोपार्जन सम्बन्धी तालिममा पालिका तथा अन्य संस्थाहरुको माग अनुसार कपडाको चप्पल बनाउने, पञ्चेबाजा, क्रिस्टल चुरा बनाउने, मौरीपालन, कुखुरा पालन, सुईटर बुन्ने, सावुन, हर्पिक बनाउने, बाख्रा पालन, कृषि उपकरण मर्मत, होमस्टे, सेरामिकका सामाग्री बनाउने तालिमका पाठ्यक्रम निर्माण र परिमार्जन गरी तालिम कार्यक्रमहरू सञ्चालन गरिएका छन् । उक्त तालिममा परिषद्को तर्फबाट प्रशिक्षकहरुको पारिश्रमिक, प्रशिक्षण सामग्री तथा उपकरण र सहभागीको खाजा खर्चको व्यवस्था गरिएको छ भने सम्झौता भएका पालिका लगायतका संस्थाहरुबाट तालिम सञ्चालन हुने स्थान र संस्थाको प्रावधान अनुसार तालिमका सहभागीहरुलाई यातायात खर्च, थप खाजा खर्च, आवास सुविधा, तालिम पश्चात पेशासँग सम्बन्धी मेशीन, औजार तथा उपकरणहरू उपलब्ध गराइएको छ ।

यसैगरी प्रदेश कार्यालय र चौधरी फाउण्डेसन, ललितपुर बीच सीपमूलक तालिम मार्फत दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न भएको द्विपक्षीय सम्झौता अनुसार मिति २०७८ चैत्र १७ गते देखि २८ गते सम्म सिजी, उन्नति कल्चर भिलेजमा होमस्टे तालिम सम्पन्न भएको छ । गण्डकी प्रदेश भित्र रहेका विभिन्न होमस्टे सञ्चालकहरुको सहभागिता रहेको उक्त तालिममा पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गण्डकी प्रदेश र होमस्टे एसोसिएसन, गण्डकी प्रदेशसँग समन्वय गरी प्रदेश भित्र सञ्चालनमा रहेका होमस्टेहरु मध्ये विभिन्न ६ जिल्लाका १९ जना होमस्टे सञ्चालकहरुले तालिम लिएका छन् । लागत साझेदारीको आधारमा सञ्चालन गरिएको उक्त तालिममा फाउण्डेशनको तर्फबाट सहभागीलाई यातायात खर्च र आवासको व्यवस्था गरिएको थियो । आगामी दिनमा माटोका भाडाहरुलाई आधुनिक प्रविधिसँग जोड्दै सेरामिकका सामाग्री बनाउने तालिम पनि सञ्चालन गर्ने सम्बन्धी सम्झौता गरिएको छ ।

## मधेश प्रदेशका गतिविधि

- डिप्लोमा तथा प्रि-डिप्लोमा तहको रजिष्ट्रेशन
- प्रदेशका बिभिन्न परीक्षा केन्द्रहरुको परीक्षा अनुगमन
- परिषद् परीक्षा नियन्त्रण कार्यालयद्धारा आयोजित बिभिन्न परीक्षाहरु सञ्चालन तथा उत्तरपुस्तिका परीक्षण
- प्रदेश समाजिक विकास मन्त्रालयको कार्यक्रममा ६४ वटा सामुदायिक विद्यालयहरुमा प्राविधिक शिक्षा सञ्चालनको लागि स्थलगत र पूर्वाधार निरीक्षण
- प्रदेश अन्तर्गतका सम्पूर्ण शिक्षण संस्थाहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण
- सन्त अल्पमाई राम नारायण यादव नर्सिङ्ग कलेज, मलंगवा र गौर नर्सिङ्ग ईन्स्टिच्युट, गौरको पूर्वाधार निरीक्षण
- सहिद रामवृक्ष यादव प्राविधिक प्रतिष्ठानको सम्भाव्यता अध्ययन
- छोटो अवधि तालिमका आवेदक संस्थाहरुको सम्बन्धन सम्बन्धी कार्यहरु
- प्रदेश भित्र १७४० जनाको छोटो अवधिको सीपमूलक तालिम सञ्चालन
- सेवा करारमा कर्मचारीहरु पदपूर्ति एवं नियुक्तिको लागि लिखित परीक्षा तथा अन्तर्वार्ता सञ्चालन र नतिजा प्रकाशन
- परिषद्को ३९ औं वार्षिकोत्सवका उपलक्ष्यमा वृक्षारोपण सहित बिभिन्न कार्यक्रम सम्पन्न आयोजना
- परिषद्का उपाध्यक्ष, परीक्षा नियन्त्रक सहित मधेश प्रदेशका सामाजिक विकास मन्त्रीज्यूसँग समन्वय बैठक
- विभिन्न गोष्ठि तथा सेमिनार सञ्चालन एवं सहभागिता ।



# कृषि प्राविधिक देखि कृषि अधिकृतसम्म



एसएलसी नतिजामा असफल भएर निराश भएका संखुवासभा मकालु गाउँपालिका वडा नं. ३ हेदाङ्ना (साविक पाथिभरा गाविस वडा नं. ६) निवासी चुन बहादुर राई अन्य साथीहरु भन्दा सरल र फरक कार्य गर्न रुचाउने स्वभावका थिए । गाउँमै खेती किसान गरिरहेका उनीले गाउँले दाईबाट धनकुटामा कृषि विषयमा जेटिए पढ्न पाइने कुरा थाहा पाए । उत्तरपानीमा कृषि प्राविधिक अध्ययन जेटिए पढिरहेका दाई विदाको समयमा गाँउ आएका बेला उहाँकै सल्लाह बमोजिम धनकुटामा कृषि विषयमा प्राविधिक एस.एल.सी पढ्ने योजना तयार भयो ।

उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटामा पढ्नका लागि पूर्वाञ्चलका सातै जिल्ला सरदमुकाममा आवेदन फारम वितरण, प्रवेश परीक्षा सञ्चालन तथा अन्तर्वार्ताबाट विद्यार्थी छनोट गर्ने गरिन्थो । २०५० सालमा सदरमुकाम खाँदवारीमा लिएको प्रवेश परीक्षाबाट कृषिमा प्राविधिक एस.एल.सी अध्ययन गर्ने अवसर प्राप्त गर्न उनी सफल भए । त्यस बेला यातायातको पहुँच थिएन पैदल नै हिड्नु पर्ने वाध्यताले उत्तरपानी पुग्न उनको गाँउबाट करिव चार दिन लाग्थो । उनको परिवारमा बुबा, आमा दुई दिदि एक बहिनी एक भाई गरी जम्मा ७ जना रहेका छन् । पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर रहेको कारण बुबा, आमाले गाउँबाट सरसापटी गरी उत्तरपानी जाने बाटोखर्च दिनुभएको स्मरण गर्दै उनी भन्छन् त्यस यता बुबा, आमाबाट कहिलै पैसा मागिन/माग्नु परेन बरु पढाइमा छात्रावृत्ति वापत प्राप्त हुने रकम जोगाएर आफ्नो खर्च पुऱ्याउँथे ।

शिक्षालयमा होस्टेलको बसाई अनि नयाँ नयाँ साथीहरु नौलो परिवेशमा घुलमिल हुन सुरुमा केही असहज भयो विस्तारै सबैसँग घुलमिल भएको उनी बताउँछन् । दुई बर्षे कृषि जेटिए बाली विज्ञान अध्ययन गर्दा प्रयोगात्मक अभ्यास बारी खन्ने, गोवर सोहोर्ने लगायत सबै कृषि कर्म गर्नु परेको स्मरण गर्दै उनी भन्छन् पढाइमा मध्ययम स्तरको भएकोले दोस्रो पटकमा एसएलसी परीक्षामा पनि सफल भए । परीक्षामा राम्रो नतिजा आएमा राम्रो प्रोजेक्टमा कार्यगत तालिम (ओजेटी) गर्न पाइन्थो । शिक्षालयको अध्ययन पश्चात ओजेटी गर्नको लागि त्यसवेलाको राम्रो राम्रा नाम चलेका परियोजनाहरुमा जाने रहर हुँदा हुँदै पनि शिक्षालय प्रमुखकै सल्लाहमा २०५२ माघबाट ओजेटीमा आफ्नै जिल्लामा सञ्चालित इको हिमाल परियोजनामा मासिक रु २७०० पाउने गरी काम गर्ने अवसर प्राप्त भयो । राई बस्तीमा परियोजनाका गतिविधिहरु सञ्चालन गर्न कुलुङ राई र याम्फु राई विच भाषा फरक परेको कारण सुरुमा केही असहज भयो तर समुदायमै घुलमिल भएर कुलुङ राई भाषा छिट्टै सिकेर काम गर्दा गर्दै ३ महिनाको ओजेटी सकिएको थाहै नभएको उनी सुनाउछन् ।

ओजेटी सकिएपछि त्यस परियोजनामै सुपरभाइजरको जागिर प्राप्त भयो । एउटै जिल्ला भएपनि कार्य क्षेत्र आफ्नो गाँउबाट टाढा २/३ दिन लाग्ने थियो । परियोजनाको वार्षिक कार्यमुल्याकनको आधारमा उत्कृष्ट कर्मचारी हुने अवसर तथा मासिक तलब रु. ५००० परियोजनाले उपलब्ध गराउथ्यो । जागिरको पहिलो कमाइले दशैंमा घरजाँदा आमालाई एक तोला सुनको तिलहरी लगेको उनी सम्झन्छन् । तीन बर्ष पछि उच्च शिक्षाको लागि

परियोजनाको आर्थिक सहयोगमा लहान प्राविधिक शिक्षालयमा २०५७ बाट जेटी पढ्न सुरु गरें । १ वर्षे कोर्ष सकेर परियोजनामा फर्कनासाथ परियोजनाको कोओर्डिनेटरको रुपमा स्तरोन्नति भयो । बढुवा भए पछि त्यस बेला मासिक तलब रु.२७००० भयो जसले घरपरिवारमा आर्थिक रुपमा निकै सहज बनायो । परियोजनाको अवधि समाप्त भएर परियोजनाका कार्यक्रमहरुलाई जिल्ला कृषि विकास कार्यालयलमा हस्तान्तरण गर्ने क्रममा सरकारी कर्मचारीको संगतमा पुगे उनी । दोस्रो चरणको परियोजनाको डिजाइन हुँदै गर्दा सरकारी जागिर खाने रहर लाग्यो उनलाई । विज्ञापन खुलेको थाहा पाउनासाथ लोकसेवा आवेदन फाराम भर्न पोखरा गए र लिखित परीक्षा दिएर फर्किए । परियोजनामा कार्य गर्दै गर्दा एकदिन परीक्षाको नतिजाको लागि बुझ्न फोन गर्दा उनको नाम निस्किसकेको र अन्तर्वार्ता चलिरहेको थाहा पाउन साथ अन्तर्वार्ताको लागि पोखरा हिडेको उनी बताउछन् । अलि बढी पद खुलेको कारण कास्कीबाट परीक्षा दिएको र पहिलो नियुक्ति पाल्पा जिल्लाको कृषि विकास कार्यालय रामपुरमा सेवा गर्ने अवसर प्राप्त भएको उनी बताउँछन् । इको हिमाल अन्तराष्ट्रिय सरकारी संस्थामा करिव १४ बर्ष सेवा गरे पश्चात २०६६ सालमा ३३ बर्षको उमेरमा सरकारी जागिरमा सफल भएको र ४ वर्ष पाल्पा, २०६९ सालबाट क्षेत्रीय कृषि तालिम केन्द्र पोखरामा २ वर्ष बसेको उनी बताउछन् ।

यसै क्रममा नेपाल सरकारले कृषि बाली विज्ञानमा जेटी अध्ययन गरेका र सरकारी सेवामा ५ वर्ष कार्य अनुभव भएकालाई कन्भर्जन कोर्ष सहित व्याचलर इन टेक्निकल एजुकेशन (विटेक एड) पढ्न पाउने अवसरमा काठमाडौं विश्वविद्यालयको सम्बन्धनमा प्राविधिक प्रशिक्षण प्रतिष्ठान, भक्तपुरमा पहिलो व्याजकै रुपमा विटेक एड पढ्न छनौट भई काठमाडौं आएको उनी बताउछन् । विटेक एड पढ्दा पढ्दै उनी नेपाल सरकारले मध्यपुर ठिमी नगरपालिकामा कर्मचारी समायोजनमा परेका थिए। हाल उनी उक्त नगरपालिकाको कृषि प्रसार अधिकृत छैटौं तहमा कार्यरत छन् ।

परियोजनामा कार्य गर्दा गर्दै २०६२ सालमा बैवाहिक बन्धनमा बाधिएका उनको एक छोरी छिन् । उनी अफ्नो सरकारी पदीय



जिम्मेवारी बाहेक फुर्सदको समयमा समाज सेवामा सम्लग्न छन् । उनी याम्फु किरात समाजको केन्द्रीय उपाध्यक्ष समेत भैसकेका छन् । अफ्नो विगत र बर्तमान यात्रालाई नियाली हेर्दा सफल भएको ठान्दछन् । उनको सफलताको श्रेय सिटिइभिटी अन्तर्गतको कृषि प्राविधिक शिक्षा अध्ययन गरेर सम्भव भएको बताउछन् । वि.सं २०७६ मा सुर्यविनायक नगरपालिका वडा नं. ८ सिपाडोलमा आफ्नै घर बनाएका छन् । हाल खुला विश्वविद्यालयबाट नेचुरल रिसोर्स एण्ड डेभलपमेन्ट (प्राकृतिक स्रोत र विकास) विषयमा स्नाकोत्तरको पढाई सकेर फाइनल थेसिस लेख्दै छन् । उनी प्राकृतिक स्रोत तथा विकास सम्बन्धी विभिन्न संघ संस्थामा समेत आवद्ध छन् ।

# अनुरोध

CTEVT News Bulletin मा वर्ष १९ अङ्क १ देखि सफलताको कथा र शिक्षालय परिचय नामक नयाँ नियमित स्तम्भ प्रकाशित गरिदै आएकोले परिषद्बाट सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमबाट प्रशिक्षित भई अरुलाई प्रेरणा दिने खालका सफलताका कथाहरु र प्राविधिक शिक्षालयको संक्षिप्त परिचयात्मक गतिविधिहरु झल्कने लेख तथा फोटाहरु सूचना तथा अनुसन्धान महाशाखाको इमेल ठेगाना researh@ctevt.org.np मा उपलब्ध गराइदिनु हुन हार्दिक अनुरोध गर्दछौं । - सम्पादक मण्डल

## शिक्षालय परिचय

# पोष्ट बहादुर बोगटी बहुप्राविधिक शिक्षालय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले आधारभुत तथा मध्यमस्तरका दक्ष प्राविधिक जनशक्ति उत्पादन मार्फत स्वरोजगार तथा रोजगारीको वातावरण सिर्जना गर्ने उद्देश्यका साथ नुवाकोट जिल्लाको विदुर नगरपालिका वडा नं. १ मा परिषद्को आङ्गिक शिक्षालयको रूपमा पोष्ट बहादुर बोगटी बहुप्राविधिक शिक्षालयको स्थापना वि.सं. २०७७ मा भएको हो । विभिन्न विधामा लामो तथा छोटो अवधिका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरु सञ्चालन गरी देश विकासका लागि दक्ष जनशक्ति तयार गर्ने तर्फ शिक्षालय क्रियाशिल रहेको छ। स्थापना कालदेखि नै शिक्षालयले प्रशिक्षार्थीहरुको ज्ञान, सीप र क्षमता विकास जस्ता प्राविधिक शिक्षाका महत्वपूर्ण पक्षहरुको विकासको लागि सम्पूर्ण ध्यान केन्द्रित गरेको छ ।

शिक्षालयमा सञ्चालन हुने लामो अवधिका ३ वर्षे डिप्लोमा कार्यक्रमहरू यस अनुसार छन्ः

१. डिप्लोमा ईन एग्रीकल्चर (वाली विज्ञान)

२. डिप्लोमा ईन एग्रीकल्चर (पशु विज्ञान)

३. डिप्लोमा ईन होटल म्यानेजमेण्ट

हाल यस शिक्षालय विदुर १, वान्द्रे स्थित शहिद प्रतिष्ठान नुवाकोटको भवनमा सञ्चालनमा रहेको छ । निकट भविष्यमा पाँच वटा डिप्लोमा तहको कार्यक्रम सञ्चालन गर्ने गरी साविक भैरवी गा.वि.स.को सिम्मुटारमा रहेको १४२ रोपनी जग्गा प्राप्तीको प्रक्रियामा रहेको छ भने गुरूयोजना निर्माणको क्रममा रहेको छ ।

यस शिक्षालयले गुणस्तरिय प्राविधिक शिक्षा प्रदान कायम गर्न प्रयोगात्मक अभ्यास एवं व्यवाहारिक शिक्षामा ध्यान दिएको छ। पाठ्यक्रमले तोके बमोजिमका प्रयोगात्मक अभ्यासको लागि विज्ञान तर्फका सम्पुर्ण प्रयोगशालाहरू, होटल म्यानेजमेण्ट तर्फ बार ल्याव, रेष्टुरेन्ट ल्याव, किचन ल्याव, कफी ल्याव, हाउस किपिङ ल्याव तथा एग्रीकल्चर तर्फ वाली विज्ञान तथा पशु विज्ञानको लागि आवश्यक फिल्ड, कम्प्युटर ल्याव, फार्म, तथा लाईभस्टक सेड, पोल्ट्री हाउस लगायतका संरचनाको तयारी तथा औजार उपकरणहरूको व्यवस्थापन गरेको छ । प्रशिक्षार्थीहरुको लागि अध्ययन गर्न अध्ययनमैत्री पुस्तकालयको व्यवस्था रहेको छ।

स्थानिय निकाय विदुर नगरपालिकासँगको सहकार्यमा यस शिक्षालयमा अध्ययन गर्ने प्रशिक्षार्थी लाई प्रति वर्ष ९ जनाको दरले छात्रवृत्तिको व्यवस्था गरेको छ। अन्य निकायहरूवाट समेत छात्रवृत्तीको लागि सहयोग गर्ने प्रतिवद्धता आएको छ ।

स्वरोजगारमुलक छोटो अवधीको तालिमहरू वारिस्ता, वेटर, कुकिङ वेकिङ, च्याउ उत्पादक, वेमौसमी तरकारी खेती लगायतका तालिम सञ्चालन गरी नागरिकहरूलाई आत्मनिर्भर बनाउने कार्यमा समेत शिक्षालय क्रियाशिल रहेको छ ।



# हार्दिक विदाई तथा सुखमय जीवनको शुभकामना

## आ.व २०७८/०७९ मा परिषद् सेवाबाट अनिवार्य अवकाश हुनुभएका कर्मचारीहरुको नामावली

| क्र.स. | नाम, थर | अवकाश हुँदाको पद | अवकाश मिति |
|---|---|---|---|
| १ | श्री खेमनाथ खतिवडा | सहायकस्तर प्रा. | २०७८।०४।१५ |
| २ | श्री कृष्ण प्रसाद भट्ट | कार्यालय सहयोगी | २०७८।०५।२८ |
| ३ | श्री मणी बहादुर दाहाल | अधिकृतस्तर तृतीय प्रा. | २०७८।०६।१४ |
| ४ | श्री महेशराज बराल | अधिकृतस्तर द्धितीय प्रा. | २०७८।०७।१५ |
| ५ | श्री अकिम श्रेष्ठ | अधिकृतस्तर प्रथम प्रा. | २०७८।०८।०६ |
| ६ | श्री सुगा विश्वकर्मा | कार्यालय सहयोगी | २०७८।०८।१३ |
| ७ | श्री अर्जुनराज कंडेल | अधिकृतस्तर द्धितीय प्र. | २०७८।०८।२० |
| ८ | श्री विश्वनाथ चौधरी | अधिकृतस्तर तृतीय प्र. | २०७८।०९।२१ |
| ९ | श्री पुष्पराज ढकाल | अधिकृतस्तर द्धितीय प्रा. | २०७८।१०।१० |
| १० | श्री प्रेमराज कोइराला | अधिकृतस्तर द्धितीय प्र. | २०७८।११।१२ |
| ११ | श्री भोजराज ढुंगाना | अधिकृतस्तर द्धितीय प्र. | २०७८।१२।०५ |
| १२ | श्री रमाकान्त काफ्ले | अधिकृतस्तर द्धितीय प्र. | २०७८।१२।११ |
| १३ | श्री जयकृष्ण पौडेल | अधिकृतस्तर द्धितीय प्रा. | २०७८।१२।२२ |
| १४ | श्री देवानन्द थारु | कार्यालय सहयोगी | २०७९।०१।२५ |
| १५ | श्री शंकरमान श्रेष्ठ | अधिकृतस्तर द्धितीय प्रा. | २०७९।०१।२९ |
| १६ | श्री बज्रमोहन पौडेल | अधिकृतस्तर द्धितीय प्रा. | २०७९।०२।१५ |
| १७ | श्री भीम बहादुर चर्माकार | कार्यालय सहयोगी | २०७९।०२।२५ |
| १८ | श्री राजेन्द्र के.सी | अधिकृतस्तर तृतीय प्र. | २०७९।०३।०५ |

Retirement is not the end of the road. It is the begining of the open highway.

# फोटो फिचर






ELMS


ELMS
Welcome to MoU Signing and
Occupational Standard Handover Ceremony
between CTEVT and Private sector
The Soaltee







